# भन्सार वित्तीय जानकारी इकाई विभागबीच समझदारी सम्पन्न

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०७३ को नियम ४६ मा भएको मुद्रा तथा धारक विनिमेय अधिकारपत्रको विवरण प्रवाह लगायत सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी एवम् आम विनाशकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी विरुद्ध लड्न वित्तीय जानकारी इकाई र भन्सार विभागबीच समझदारी कायम गर्ने उद्देश्यका साथ आज मिति २०७७/१०/८ का दिन भन्सार विभाग र वित्तीय जानकारी इकाईबीच एक समझदारी पत्रमा हस्ताक्षर भएको छ । समझदारीपत्रमा भन्सार विभागको तर्फबाट महानिर्देशक श्री सुमन दाहाल र वित्तीय जानकारी इकाईको तर्फबाट प्रमुख श्री दीर्घ बहादुर रावलले हस्ताक्षर गर्नुभएको थियो ।



सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि आवश्यक सूचना आदानप्रदान गरिने र यस सम्बन्धी अन्य विषयमा आपसी सहयोग र समन्वय गर्नका लागि भन्सार विभागको अनुसन्धान तथा अनुपालन शाखाका निर्देशकको संयोजकत्वमा उपनिर्देशक वित्तीय जानकारी इकाई – सदस्य, सहायक निर्देशक वित्तीय जानकारी इकाई – सदस्य र शाखा अधिकृत अनुगमन शाखा भन्सार विभाग  – सदस्य रहेको एक समन्वय समिति समेत गठन गरिने समझदारी पत्रमा उल्लेख छ ।

हस्ताक्षर भएकै मितिदेखि लागू हुने गरी भएको समझदारीपत्रले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा हुन सक्ने वित्तीय लगानीलाई निरुत्साहित गर्न सहयोग पुग्ने विश्वास लिइएको छ ।